annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२७, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ११ पुस २०८२ | पौष शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४६ | FRIDAY, DECEMBER 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


## बालेनको सक्रियता, रविको दौडधुप, बन्ला त पुरानाविरुद्ध नयाँको गठजोड ?

चिसो काठमाडौंको मौसम बिहीबार राजनीतिक सरगर्मीले एकाएक तात्यो । काठमाडौं महानगरका मेयर बालेन साह, रास्वपा सभापति रवि लामिछानेलगायतका नेताहरूबीच 'नयाँ वैकल्पिक शक्ति' निर्माणका लागि छलफल र भेटवार्ता भइरहेको खबरले राजनीतिको बजार ह्वात्तै बढ्यो । बालेनले आफू सक्रिय राजनीतिमा आउन लागेको सन्देश दिए । नयाँ र पुराना शक्तिबीच चुनावी मैदानमा रोचक र कडा प्रतिस्पर्धा हुने राजनीतिक आंकलन गरिन थाले ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट




## टर्कीमा आक्रमण योजना बनाइरहेका ११५ संदिग्ध पक्राउ

**इस्तानबुल** (एजेन्सी) : टर्कीका सुरक्षा निकायले क्रिसमस र नयाँ वर्षका कार्यक्रमहरू लक्षित गरी आक्रमणको योजना बनाइरहेका इस्लामिक स्टेट (आईएस) समूहका १ सय १५ जना संदिग्धलाई पक्राउ गरेको बताएका छन्।

इस्तानबुलका मुख्य सरकारी वकिलका अनुसार सहरका १ सय २४ स्थानमा एकैसाथ छापा मारेर कारबाही गरिएको हो। छापाका क्रममा हतियार, गोली-बारुद तथा संगठनसम्बन्धी कागजात बरामद गरिएको जनाइएको छ।

अधिकारीहरूका अनुसार आईएस समर्थकहरूले यस साता टर्कीभर आक्रमणको योजना बनाइरहेका थिए। विशेषगरी गैर-मुस्लिम समुदायलाई लक्षित गर्ने तयारी भइरहेको जनाइएको थियो। प्रहरीले हालसम्म १ सय १५ जनालाई नियन्त्रणमा लिएको छ भने थप २२ जना संदिग्धको खोजी जारी रहेको आधिकारिक विज्ञप्तिमा उल्लेख छ। सरकारी वकिलको कार्यालयले पक्राउ परेका संदिग्धहरू टर्की बाहिर रहेका आईएसका कार्यकर्तासँग सम्पर्कमा रहेको जनाएको छ।

## त्रिविको ५१ औं दीक्षान्तमा १६,३८० विद्यार्थी दीक्षित



केशरराज क्षेत्री | *काठमाडौं*

प्रधानमन्त्री सुशीला कार्कीले विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने व्यवस्थालाई परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको बताएकी छन्। बिहीबार दशरथ रंगशालामा आयोजित त्रिभुवन विश्वविद्यालयको ५१ औं दीक्षान्त समारोहमा बोल्दै प्रधानमन्त्री कार्कीले दलीय राजनीतिले गर्दा मुलुकको समग्र शैक्षिक क्षेत्र धराशायी बन्दै गएकाले यस क्षेत्रमा धेरै कुरा परिमार्जन गर्नुपर्ने देखिएको बताइन्।

'शिक्षा क्षेत्रमा देखिएको र सुन्ने गरिएको दलीय राजनीतीकरणको अवस्थालाई अन्त्य गर्नुपर्नेछ। विश्वविद्यालयलाई प्राज्ञिक बहस गर्ने थलोको रूपमा विकास गर्नुपर्नेछ', कार्कीले भनिन्, 'प्रधानमन्त्री कुलपति हुने व्यवस्था परिमार्जन गर्न सरकारले गम्भीर परामर्श र गृहकार्य गरिरहेको छ।'

बाँकी पृष्ठ ६

## महाधिवेशनकै अल्झनमा कांग्रेस, चुनाव कि पुनर्स्थापना अझै दोधार

राधा खनाल | *काठमाडौं*

केन्द्रीय समितिमा डेढ महिना लामो गलफतीपछि कांग्रेसले १५औं महाधिवेशन पुस २६ देखि २८ सम्म काठमाडौंमा गर्ने निर्णय गर्‍यो। निर्धारित १६ दिनमा महाधिवेशन गर्ने क्रियाशील सदस्यताकै विवाद नसुल्झेपछि कांग्रेस महाधिवेशन अन्योलमा छ। सभापति शेरबहादुर देउवा पक्षीय नेताहरू अब फागुन २१ को चुनावपछि मात्रै महाधिवेशन गर्नुपर्ने तर्क गर्न थालेका छन्।

तर, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा भने तोकिएकै मितिमा महाधिवेशन गर्नुपर्ने अडान लिइरहेका छन्। अर्कोतिर, महाधिवेशनको मिति तोक्दै फागुन २१ को निर्वाचनमा सहभागी हुने संस्थागत निर्णय गरेको कांग्रेसमा संसद् पुनर्स्थापनाको माग उठेपछि महाधिवेशन थप अन्योलमा परेको हो।

त्यही विवादका कारण कार्यसम्पादन समितिको जारी बैठकले ठोस निर्णय लिन सकेको छैन। बैठकमा महाधिवेशन सार्ने वा तोकिएकै मितिमा गर्ने ? संसद् पुनर्स्थापनामा जाने कि चुनावमा केन्द्रित हुने र समानुपातिक उम्मेदवारको छनोट के कसरी गर्ने भन्नेमा केन्द्रीय कार्यसम्पादन समिति बैठकमा विवाद छ। सभापति देउवा र उनीपक्षीय नेताहरू प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा छन्। यद्यपि देउवा पहिला पुनर्स्थापनाका पक्षमा सहमत थिएनन्। प्रतिनिधिसभा पुनर्स्थापना भए पार्टीको १५औं महाधिवेशन सार्न र पार्टीभित्रका आन्तरिक विवाद सल्टाउन सहज हुने आशामा देउवा छन्।




एमाले अध्यक्ष केपी शर्मा ओलीको आग्रहले पनि देउवालाई पुनर्स्थापनाका पक्षमा प्रेरित गरेको नेताहरू बताउँछन्। पुनर्स्थापनाका पक्षमा देउवा सकारात्मक बनेपछि कांग्रेसका तत्कालीन सांसदहरूको हस्ताक्षर संकलन गरिएको थियो।

संसद् पुनर्स्थापनाका पक्षमा कांग्रेसका ५७ निवर्तमान सांसदको हस्ताक्षरसहित मंगलबार पूरक निवेदन दायर गरिसकेका छन्। त्यसमा जनमत र जसपाका एक-एक र एक स्वतन्त्र निवर्तमान सांसदको पनि हस्ताक्षर छ। निवर्तमान सांसदहरू रिट लिएर अदालत गए पनि कांग्रेसभित्र प्रतिनिधिसभा पुनर्स्थापनाका विषयमा फरक-फरक विचार छन्। कांग्रेसको संस्थागत निर्णय भने निर्वाचनमा जाने भन्ने नै छ।

बाँकी पृष्ठ ६




CATHAY PACIFIC
MOVE BEYOND